# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ११ मिति भाद्र २ गते, २०८१ साल

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

भाग १

स्थानीय सरकार

सुदूरपश्चिम प्रदेश सरकारको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४(५) बमोजिम परशुराम नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८१ सालको ऐन नं. ६

### <u>परशुरामधाम क्षेत्र संरक्षण र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना</u>: परशुराम नगरपालिकाक्षेत्र भित्र रहेको ऐतिहासिक परशुरामधाम क्षेत्रको संरक्षण गरी त्यस क्षेत्रको सामाजिक,धार्मिक,साँस्कृतिक, आर्थिक र पर्यटनको विकास गर्न वाञ्छनीय भएकोले,

परशुराम नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:(१) यस ऐनको नाम “परशुरामधाम क्षेत्र संरक्षण र विकास सम्बन्धी ऐन,२०८१” रहेको छ ।

(२) यो ऐनस्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "कोष" भन्नाले दफा ९ बमोजिमको परशुरामधाम क्षेत्र संरक्षण र विकास कोष सम्झनुपर्छ ।

(घ)"परशुरामधाम क्षेत्र" भन्नाले परशुराम नगरपालिका वडानं. ५ महाकाली नदीको किनारामा रहेको परशुरामको मन्दिर, सो मन्दिरदेखि पूर्वमा सडक,पश्चिममा महाकाली नदी, उत्तरमारेणुका मन्दिर र दक्षिणमा रङ्गुन नदीले चर्चेको क्षेत्र सम्झनुपर्छ र सो शब्दले सो क्षेत्रभित्र रहेका सम्पूर्ण संरचना समेतलाई जनाउँछ।साथै उल्लेखित क्षेत्र बाहिरका परशुरामधाम सँग सम्बन्धित धार्मिक बनलगायत अन्य संरचना समेतलाई परशुरामधाम क्षेत्र जनाउँछ ।

(ङ) "नगरपालिका" भन्नाले परशुराम नगरपालिका सम्झनुपर्छ ।

(च) "नगर प्रमुख" भन्नाले परशुराम नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य–सचिव समेतलाई जनाउँछ ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिमको परशुरामधाम क्षेत्र संरक्षण र विकास कार्यकारी समिति सम्झनु पर्छ ।

३.<u>समिति सम्बन्धी व्यवस्था</u>:(१) परशुरामधाम क्षेत्रको सामाजिक, धार्मिक, साँस्कृतिक, आर्थिक र पर्यटन विकास गर्न परशुरामधाम क्षेत्र संरक्षण र विकास कार्यकारी समिति नामको एक समितिरहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यरहनेछन्:–

(क) नगरकार्यपालिकाले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) नगरकार्यपालिकाले नियुक्त गरेको व्यक्ति - उपाध्यक्ष

(ग)नगरपालिकाको वडा नं.५ को वडाध्यक्ष -सदस्य

(घ) नगरपालिकाभित्र रहेका सामाजिक, धार्मिक, साँस्कृतिक, आर्थिकरपर्यटन विकासमा योगदान पुर्याएका ब्यक्तिहरुमध्येबाट समाबेशी हुने गरी नगरकार्यपालिकाले नियुक्तगरेकातीनजना -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरकार्यपालिकाको कर्मचारी -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क),(ख) र (घ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४)उपदफा (२) को खण्ड (क),(ख) र (घ) बमोजिमका सदस्यको नियुक्ति नगर प्रमुखको प्रस्तावमा नगरकार्यपालिकाबाट गरिनेछ ।सो सम्बन्धी अन्य कार्यविधी नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(५) समितिको कार्यालय परशुरामधाममारहनेछ ।

४.<u>अध्यक्ष, उपाध्यक्ष र सदस्यको योग्यता</u>:दफा ३ बमोजिमको समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क)नगरपालिकामा स्थायी बसोबास गरेको नेपाली नागरिक,

(ख) अध्यक्ष र उपाध्यक्षको हकमा कम्तीमा पच्चीस वर्ष उमेर पूरा भएको र सदस्यको हकमा एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) अध्यक्ष र उपाध्यक्षको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्रतह वा सो सरह उत्तीर्ण गरी सामाजिक, धार्मिक,

साँस्कृतिक, आर्थिकरपर्यटन क्षेत्रमा योगदान पुर्याएको र सदस्यको हकमा सामाजिक, धार्मिक, साँस्कृतिक, आर्थिकरपर्यटनक्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको,

(घ) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको,

(ङ) कुनै कानूनले अयोग्य नठहरिएको ।

५. <u>समितिको काम, कर्तव्य र अधिकार</u>:(१)समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) नगरपालिकाले परशुरामधाम क्षेत्रको संरक्षण र विकास गर्न बनाएका योजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने,

(ख) परशुरामधाम क्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिकर साँस्कृतिक महत्वका मठ, मन्दिर, देवस्थल, देवालय, धर्मशाला, विद्यापीठवा यस्तै प्रकारका सम्पदा र वस्तुहरूको स्याहार सम्भार तथा संरक्षण गर्ने,

(ग) परशुरामधाम क्षेत्रभित्रवातावरणस्वच्छ राखवृक्षारोपण, सरसफाइ,फोहोरमैलाव्यवस्थापनजस्ता कार्य गर्ने,

(घ)परशुरामधाम क्षेत्रभित्र विजुली, टेलिफोन, खानेपानी,सडकयातायातजस्ता सार्वजनिक पूर्वाधारको व्यवस्था मिलाउने,

(ङ) परशुरामधाम क्षेत्रभित्र गरिने निर्माण सम्बन्धी मापदण्ड बनाउनर आवश्यकसंरचना निर्माण गर्नका लागि जग्गा छुट्टाउनु पर्ने भएनगरपालिकामा सिफारिस गर्ने,

(च) परशुरामधाम क्षेत्रको प्रचार प्रसार गर्नसभा, सम्मेलन, गोष्ठी, मेला, पर्व,प्रदर्शनी र पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रमको आयोजना गर्ने,

(छ) कुनै निर्माण कार्य गर्न वा हटाउन वा भत्काउन वापरिवर्तन गर्नु परेमा नगरकार्यपालिकालाई सिफारिस गर्ने,

(ज) परशुरामधाम क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रम प्रभावकारी बनाउने विषयमा नगरपालिकालाई परामर्श दिने,

(झ)जिन्सी तथा लेखाको श्रेस्ता अद्यावधिक गर्ने,

(ञ)नगरकार्यपालिकाले तोकेका कार्य गर्ने,गराउने ।

(ट) नगरप्रमुखले तोकेका अन्य कार्य गर्ने गराउने ।

(२) समितिले मेला, पर्व तथा प्रदर्शनी जस्ता कार्यक्रमको आयोजना गर्दाआवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरी कामको बाँडफाँटगर्न सक्नेछ ।साथै समितिबाट परशुरामधाम सँग सम्बन्धीत अन्य संघ संस्थाहरुको नेतृत्व गरिनेछ ।

६. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u>:(१)समितिको बैठक महिनाको कम्तीमा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने कार्यसूची सहितको सूचना कम्तीमा चौविस घण्टा अगावै सबै सदस्यलाई दिनुपर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षलेबैठकको अध्यक्षता गर्नेछ ।

(४) अध्यक्ष र उपाध्यक्ष दुवै अनुपस्थित भएमा समितिका सदस्यहरुमध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमत सदस्यको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिले आवश्यकता अनुसार सम्बन्धित सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समितिआफैले निर्धारण गरेबमोजिम हुनेछ।

७. बैठक भत्ता तथा अन्य सुविधा:(१)समितिको सदस्यले समितिको बैठक बसेको दिनको नगरकार्यपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउनेछ ।

(२)समितिका सदस्यको अन्य सेवा सुविधा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ।

८.सदस्यबाट हटाउन सकिने: नगर प्रमुखले दफा ३ को उपदफा (२) को खण्ड (क),(ख) र (घ)बमोजिमको सदस्यलाई देहायको अवस्थामा पदबाट हटाउन सक्नेछ:-

(क) पदीय मर्यादा तथा आचरण पालना नगरेमा,

(ख) सन्तोषजनक कार्य नगरेमा,

(ग)दफा १३ विपरीत कार्य गरेको प्रमाणित भएमा,

(घ) समितिको बैठकमा बिना जानकारी लगातार तीन पटक भन्दा बढी अनुपस्थित भएमा ।

तर पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको उचित मौका दिनुपर्नेछ ।

९. कोष सम्बन्धी व्यवस्था:(१)परशुरामधाम क्षेत्रको संरक्षण र विकासका लागि एक परशुरामधाम संरक्षण र विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:-

(क)नगरपालिकाबाट प्राप्त रकम,

(ख)अन्य स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संघ संस्थाले सहायता स्वरुप प्रदान गरेको रकम,

(घ)परशुरामधाममा कुनै ब्यक्ति वा संस्थाले चढाएको दान वा भेटी स्वरुपको रकम,

(ङ)विदेशी सरकार,अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(४) कोषमा जम्मा हुने रकम नगरपालिका क्षेत्रमा रहेको नेपाल सरकारबाट मान्यता प्राप्त"क"बर्गको बाणिज्यबैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) कोषको खाता सञ्चालन समितिको अध्यक्ष वा निजले तोकेको समितिको कुनै सदस्य र नगरकार्यपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१०.कोषको रकम खर्च सम्बन्धी ब्यवस्था:कोषमा जम्मा भएको रकम परशुरामधाम क्षेत्रको संरचना निर्माण, मर्मतसम्भार, धार्मिकपर्व, महोत्सवआयोजना, प्रशासनिक खर्च कार्यमा मात्र खर्च गर्नुपर्नेछ ।

११. शूल्क सम्बन्धी व्यवस्था:नगरपालिकाले परशुरामधाम क्षेत्रभित्र सेवा सुविधा प्रदान गरे वापत लाग्ने शूल्क नगरपालिकाको कानून बमोजिम हुनेछ ।

१२.कोषको लेखापरीक्षण:(१)समितिले कोषको आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नुपर्नेछ ।

(२) कोषको खर्चको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकले र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयले गर्नेछ ।

(३) नगरपालिकाले कोषको आय-व्यय, लेखा, जिन्सीको अभिलेख र अन्य कागजात समेतजुनसुकै बखत जाँच गर्न सक्नेछ ।

१३.गर्न नहुने कार्य, कसुर र जरिवाना:(१) परशुरामधाम क्षेत्रमा कसैले देहायको कार्य गर्नुहुँदैन:-

(क)कुनै संरचना समितिको पूर्व स्वीकृति विना नाश्न, भत्काउन वा विगार्न वा स्वरुप परिवर्तन गर्न वा नदीजन्यपदार्थ उत्खननगर्न,

(ख)मन्दिरमा चढाएको दानवा भेटी चोरी गर्न,

(ग)फोहोरमैला गरी वातावरण प्रदुषण गर्न,

(घ)मासुजन्य पदार्थ, मदिराजन्य पदार्थ, लागु औषध विक्री वितरण वा ओसारपसार गर्न,

(ङ)धार्मिक मेला, पर्व, सभा, सम्मेलनमा हो-हल्ला र शान्ति सुरक्षामा खलल पुर्याउने कार्य गर्न।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा कसुर गरेको मानिनेछ।

(३)कसैले उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेको प्रमाणित भएमा समितिले त्यस्तो ब्यक्तिलाई पाँचहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कार्यले क्षति भएमा सो संरचनामा क्षति पुर्याउनेव्यक्तिबाट निर्माण समेत गर्न लगाउन सक्नेछ ।

(४)कसैले उपदफा (१)को खण्ड (ख) बमोजिमको कसुर गरेको प्रमाणित भएमा समितिले त्यस्तो व्यक्तिबाट चोरी गरेको रकम असुल गराई दश हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(५) कसैले उपदफा (१)को खण्ड (ग),(घ) र (ङ) बमोजिमकोकसुर गरेको प्रमाणित भएमा समितिले त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँ देखि दुई हजार पाँच सय रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(६)समितिले यस दफा बमोजिम कसुर गरेको व्यक्तिलाई जरिवाना गर्नुअघि जाँचबुझ गरी सफाइको उचित मौका दिनुपर्नेछ ।

१४.<u>पुनरावेदन सम्बन्धी व्यवस्था:</u> (१) कसैलाई दफा १३ बमोजिम समितिले गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो व्यक्तिले नगर प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन पर्न आएमा नगर प्रमुखले आवश्यक जाँचबुझ गरी निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम नगर प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

१५.<u>मन्दिरको पूजारी, सन्त महन्त तथा अन्य कर्मचारी सम्बन्धी व्यवस्था</u>: परशुरामधाम क्षेत्रको मन्दिरको पूजारी, सन्तमहन्त,कार्यालय सहयोगी, माली लगायत अन्य कर्मचारीको व्यवस्था र निजहरुकोसेवा सुविधा लगायतअन्य व्यवस्था नगरकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

१६. अनुगमन सम्बन्धी व्यवस्था: (१)नगरपालिकाले समितिले यस ऐन बमोजिम गरेको काम कारवाहीकासम्बन्धमा आवश्यकता अनुसार अनुगमन गर्नसक्नेछ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम अनुगमन गर्दा कुनै सुधार गर्नु पर्ने भए समितिलाईनिर्देशन दिन सक्नेछ ।

१७. वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने: समितिले आफूले गरेको काम कारवाहीका सम्बन्धमा आर्थिक वर्ष समाप्त भएको मितिले पैतींस दिनभित्र वार्षिक प्रतिवेदन तयार गरी नगरपालिकामा पेस गर्नुपर्नेछ ।

१८.समन्वय र सम्पर्क:(१)समितिले परशुरामधाम क्षेत्रको संरक्षण र विकासका काममा नगरपालिकासँग आवश्यक समन्वय गर्नुपर्नेछ ।

(२) समितिले अन्य निकाय वा संघ संस्थासँग समन्वय र सम्पर्क राख्दा नगरपालिका मार्फत राख्नुपर्नेछ ।

१९.सल्लाहकार समिति:(१)परशुरामधाम क्षेत्रको संरक्षण र विकासका लागि यस ऐनको अधीनमा रही समितिलाई आवश्यक सल्लाह सुझाव दिन देहाय बमोजिमको एक सल्लाहकार समिति रहनेछ:-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) डडेल्धुरा जिल्लाका सवै स्थानीय तहहरुका प्रमुखहरु –सदस्य

(ग)नगर उपप्रमुख - सदस्य

(ग)नगरपालिका क्षेत्रमा सामाजिक, धार्मिक, साँस्कृतिक, आर्थिकरपर्यटन क्षेत्रमा योगदान पुर्याएकापरशुरामधाम सँग सम्बन्धीत विशिष्ट व्यक्तिहरु मध्येबाट नगरकार्यपालिकाले मनोनयन गरेका ७ जना व्यक्ति - सदस्य

(घ) राष्ट्रीय मान्यता प्राप्त दलका नगरस्तरीय प्रमुख एवं प्रतिनिधिहरु -सदस्य

(ङ)सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक

र पर्यटन क्षेत्रमा योगदान पुर्याएका ख्यातीप्राप्त

व्यक्तिहरु मध्येबाट नगर प्रमुखले मनोनीत गरेका५ जना व्यक्ति -सदस्य

(२)उपदफा (१) बमोजिमको समितिमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सदस्य-सचिवको रुपमा काम गर्नेछ।

(३)सल्लाहकार समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।यस समितिले आवश्यक ठानेमा नगर प्रमुखको प्रस्तावमा बैठकबाट निर्णय गरी परशुरामधामको विकासमा योगदान पुर्याएका व्यक्ति तथा संस्थाहरुलाई सल्लाहकार समितिमा मनोनित गर्न सक्नेछ ।

२०.<u>बचाउ:</u> परशुरामधाम क्षेत्रको संरक्षण र विकास सम्बन्धमा यसअघि भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणिकरण मिति:२०८१/०३/१६

आज्ञाले

कल्पना भट्ट

प्रमुख प्रशासकीय अधिकृत